# साहित्य अकादेमी अनि गोदुनिसको आयोजनामा पूर्वाञ्चलीय आठ भाषाहरूमा नारी लेखन सफलतापूर्वक सम्पन्न




साहित्य अकादेमी, क्षेत्रीय सचिव डा.देवेन्द्रकुमार देवेश, भाषा परामर्श समिति संयोजक डा. जीवन नामदुंग साथै कार्यपत्र प्रस्तुत गर्दै नारी सर्जकहरू

**दार्जीलिङ, २१ सेप्टेम्बर (सबिता संकल्प):** साहित्य अकादेमी दिल्ली र गोर्खा दुःख निवारक सम्मेलन दार्जीलिङको संयुक्त आयोजनामा २१ अनि ११ सेप्टेम्बर २०१९ को दिन दिन आयोजना गरिएको पूर्वाञ्चलीय आठ भाषाहरू क्रमैले नेपाली, बंगला, असमीया, ओडिया, बोड़ो, मणिपुरी, सन्थाली र मैथिली भाषाका नारी सर्जकहरूद्वारा आ-आफ्ना भाषालाई प्रतिनिधित्व गर्दै यस दुइदिने महासम्मेलनमा नारी हस्ताक्षरहरूले आआफ्ना कार्यपत्र अनि सृजनात्मक काव्य प्रस्तुत गरियो। गोर्खा दुःख निवारक सम्मेलन दार्जीलिङको पदा देवान स्मृति भवनमा सर्वप्रथम यसरी राष्ट्रिय साहित्यिक गरिएबापत् साहित्य अकादेमी दिल्ली अनि साहित्य अकादेमी नेपाली भाषा परामर्श समितिका संयोजकप्रति गोदुनिस अध्यक्ष साथै महासचिवद्वारा विशेष आभार प्रकट गर्दै हर्षबोध अनि गर्वबोधसित वक्तव्य राखेको यस दुइदिने उत्सवमा यसपटक साहित्य अकादेमीले विशेषगरि नारी साहित्यको लेखन विषयादिलाई ध्यानाकार्षण गर्दै साथै महत्व प्रदान गर्दै भारत देशका विभिन्न राज्यबाट आमन्त्रित नारी पूर्वाञ्चलीय नारी हस्ताक्षरहरूको नारी लेखनमाथि आधारित लेखलाई प्रस्तुत गर्ने निर्देश गरिएको यस कार्यक्रमको प्रथम दिनको उद्घाटन सत्रको शुभारम्भलाई साहित्य अकादेमी, कलकत्ताका क्षेत्रीय सचिव डा. देवेन्द्रकुमार देवेशले आफ्नो स्वागत भाषण राखेका थिए। यसै उद्घाटन सत्रमा उपस्थित भाषा अनि साहित्यप्रेमी दर्शक साथै आठ राज्यबाट आमन्त्रित नारी सर्जक सबैमा नारी हस्ताक्षर, अनुवादक मणिका मुखियाले उद्घाटन वक्तव्य राखेपछि साहित्यिक समारोह साथै साहित्य अकादेमीद्वारा आयोजन गर्दै आएको विशेष साहित्यिक गतिविधिबारे साहित्य अकादेमी नेपाली भाषा परामर्श समितिका संयोजक डा.जीवन नामदुंगले सम्बोधन राखे। यसपछि यसै सत्रका अध्यक्ष बी बी गुरुङ ले साहित्य अकादेमीद्वारा सम्मेलनलाई यो अवसर दिएबापत् आभार प्रकट गर्दै अध्यक्षीय सम्बोधन राखेपछि गोदुनिस महासचिव केशवकुमार गुरूङले गोदुनिसले आजपर्यन्त गर्दै आएका कार्यक्रम अनि यसै ऐतिहासिक साहित्यिक उत्सवमाथि धन्यवाद ज्ञापनको सम्बोधन राखेपछि प्रथम सत्रको कार्यक्रम आरम्भ गरियो।

पहिलो सत्रको कार्यक्रममा पूर्वाञ्चलीय भाषाहरूमा समकालीन, नारी लेखन विषयमाथि गीताली बोराले असमीया भाषा, जिनिया मित्रले बंगला भाषा, रेवती मिश्रले मैथिलीलाई प्रतिनिधित्व गर्दै पूर्वाञ्चलीय भाषाहरूमा समकालीन नारी लेखन विषयमाथि कार्यपत्रहरू प्रस्तुत गरे भने यस सत्रको अध्यक्षता अञ्जु बसुमतारीले गरे। यसरी नै दोस्रो सत्रको कार्यक्रममा अमला सुब्बाले नेपाली भाषा, सुनन्दा प्रधानले ओडिया भाषा, सुचित्रा हाँसदाले सन्थाली भाषालाई प्रतिनिधित्व गर्दै आआफ्ना कविताहरू वाचन गरे। दोस्रो सत्रको कार्यक्रमलाई लाइरेन लाकपाम इबेमहाल देवीले अध्यक्षता गरेकी थिइन्। यसरी दोस्रो दिनको कार्यक्रमको तेस्रो सत्रमा पूर्वाञ्चलीय भाषाहरूमा समकालीन नारी लेखन विषयमाथि

कोइजम शान्तिबाला देवीले मणिपुरी भाषा, सुमित्रा अविरलले नेपाली भाषा, रानी मुर्मुले सन्थाली भाषालाई प्रतिनिधित्व गर्दै कार्यपत्रहरू प्रस्तुत गरे भने यस तेस्रो सत्रको कार्यक्रमलाई प्रतिष्ठ ओडिया साहित्यकार बसन्ती मोहन्तीले हअध्यक्षता गरेकी थिइन्। यसपछि समकालीन नारी लेखन उत्सवको चौथो अनि अन्तिम सत्रको कार्यक्रमलाई प्रतिष्ठ मैथिली साहित्यकार वीणा ठाकुरले अध्यक्षता गरेकी थिइन् भने यस कार्यक्रममा नारी सर्जकहरू क्रमैले रूमी लस्कर बोराले असमीया भाषा, तिलोत्तमा मजुमदारले बंगाली भाषा, मीरा खेरकातारीले बोड़ो भाषालाई प्रतिनिधित्व गर्दै कथाहरू वाचन गरेपछि। यस दुइदिने साहित्यिक उत्सवका चारै चरणका नारी अध्यक्षताहरूले आआफ्ना अध्यक्षीय सम्बोधन राखेको यस समारोहको अन्तिम चरणको समापन समारोहलाई नेपाली भाषा परामर्श समिति संयोजक डा. जीवन नामदुंगले सम्पूर्णमा आभार प्रकट गर्दै धन्यवाद ज्ञापनको कार्यक्रम राखे।

यस दुइदिने सत्रलाई सबिता थापा संकल्प अनि अमला सुब्बाले सञ्चालन गरेका थिए। यस समारोहमा साहित्य अकादेमीद्वारा प्रकाशित कृतिहरू पनि बिक्री वितरण अनि प्रदर्शनीको निम्ति राखेका थिए।